गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
पोखरा, कास्की, नेपाल

**सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशको प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति- २०८०/०७/१९गते**

गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश पोखराको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत यस मन्त्रालयको मिति २०८०/०७/१६ गते (मा.मन्त्रीस्तर) को निर्णानुसार स्वीकृत भएको **महिला, बालबालिका तथा समाजकल्याण तर्फका स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८०** बमोजिम तपसिल बमोजिमका कार्यक्रमहरु गर्नको लागि मिति २०८०/०८/१८ गते सम्म रीतपूर्वक यस मन्त्रालयमा तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीका लागि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको website: mosd.gandaki.gov.np मा हेर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं | कार्यक्रम/ क्रियाकलाप | प्रस्ताव पेश गर्ने निकाय | संलग्न गर्नुपर्ने कागजातहरु |
|---|---|---|---|
| १ | सामुदायिक भवन मर्मत सम्भार | मन्त्रालय वा जिल्ला स्थित सामाजिक विकास कार्यालय | सम्बन्धित संस्थाहरुले मापदण्डको अनुसूचि १६ बमोजिमको ढाँचामा प्रस्ताव, व्यवस्थापन समितिको निर्णय, संस्था दर्ता/ नविकरण प्रमाणपत्रको प्रतिलिपी वा स्थानीय तहमा सूचिकृत भएको प्रमाणपत्र, संस्थाको विधान, गत वर्षको कर चुक्ता पत्र, अडिट रिपोर्ट, पान दर्ता प्रमाण पत्र, लागत स्टिमेट, ड्रोइङ डिजाइन, भवनको हाल भइरहेको संरचना देखिने , फोटो जग्गाको लालपूर्जा वा भोगाधिकार पत्र, संलग्न सदस्यहरुको संख्या, मन्त्रालयबाट प्राप्त हाल सम्मको बजेट, सम्बन्धित स्थानीय तहको प्रमाणित लागत अनुमान र सिफारिस पत्र । |
| २ | ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रम संचालन | | मापदण्डको अनुसूचि १ बमोजिमको ढाँचामा प्रस्ताव, संस्था दर्ता/नविकरणको प्रमाणपत्र, संस्थाको विधानको प्रतिलिपी, संस्थाको पान दर्ता प्रमाणपत्रको प्रतिलिपी, गत वर्षको कर चुक्ता पत्र, जग्गा भवन भए भोगाधिकार/लालपूर्जा/भाडा करार सम्झौता, कार्यअनुभव, गत आ.व.को वार्षिक प्रगति र आय व्यय अडिट प्रतिवेदन, सम्बन्धित स्थानीय तह र सामाजिक विकास कार्यालयको सिफारिस पत्र, योजनाको लागत अनुमान । |
| ३ | आमा समूहहरुको सशक्तीकरण तथा संस्थागत सुदृढिकरण कार्यक्रम | | आमा समूहहरुले मापदण्डको अनुसूचि ३ बमोजिम भरिएको प्रस्ताव, योजना माग सम्बन्धी बैठकको निर्णय, संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, संस्थाको विधान, कार्य अनुभव (अवधि र हालसम्म गरेका सामाजिक कार्यहरुको मुख्य विवरण),जग्गा भवन भए जग्गाको पूर्जा वा भोगाधिकारको प्रमाण, सम्बन्धित स्थानीय तहको सिफारिस पत्र। |

महाशाखा प्रमुख

| | | | |
|---|---|---|---|
| ४ | सक्षम महिला समानान्तर पाइला कार्यक्रम | | **महिला उद्यमीहरुले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**<br>मापदण्डको अनुसूचि ५ बमोजिमको ढाँचामा व्यावसायिक योजना सम्बन्धित स्थानीय तहको सिफारिस पत्र, उद्योग व्यवसाय दर्ता र नविकरणको प्रमाणपत्र,स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र, आवश्यकता अनुसार व्यावसायिक इजाजत-पत्र, आवश्यक प्रविधि/औजार/सामग्रीको विवरण खुल्ने कागजात वा कोटेशन । |
| ५ | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना र संचालन | मन्त्रालय वा जिल्ला स्थित सामाजिक विकास कार्यालय | मापदण्डको अनुसूचि ७ बमोजिमको ढाँचामा प्रस्ताव, संस्था दर्ता/नविकरण वा स्थानीय तहमा दर्ता भएको प्रमाण, संस्थाको विधान, पान दर्ता प्रमाणपत्र र कर चुक्ता खुल्ने कागजात, दिवा सेवा केन्द्र संचालनको लागि निर्माण भएको भवनको फोटो तथा जग्गाको लालपूर्जा/भोगाधिकार पत्र/घर भाडाको कागजात, कार्यअनुभव, लागत अनुमान, सम्बन्धित संस्था/समितिको निर्णय, सम्बन्धित स्थानीय तहको सिफारिस पत्र । |
| ६ | उत्कृष्ट महिला सहयोग कार्यक्रम | | विभिन्न क्षेत्रहरु (खेलकुद, पत्रकारिता, उद्यमशीलता, साहसिक पर्यटन, सामजिक अभियान, कल्याणकारी कार्य, सार्वजनिक सवारी संचालन इत्यादी) मा उत्कृष्ट कार्य गरी प्रसिद्धि कमाएका महिलाहरुले प्रोत्साहन सहयोगका लागि-<br>मापदण्डको अनुसूचि १५ बमोजिमको ढाँचामा निवेदन<br>सम्बन्धित निकाय (प्रदेश खेलकुद परिषद, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश, उद्योग वाणिज्य संघ/ घरेलु कार्यालय, पर्यटन व्यावसायी संघ, सामाजिक विकास कार्यालय, यातायात व्यवसायी संघ) को सिफारिस पत्र । |
| ७ | पिछडिएका विपन्न वर्गका गृहिणी महिलाहरुको आर्थिक सशक्तीकरणका लागि प्रोत्साहन कार्यक्रम | जिल्ला स्थित सामाजिक विकास कार्यालय | गण्डकी प्रदेशका स्थानीय तहहरु मध्ये मानव विकास सूचकांक ०.६०० भन्दा कम रहेका गोरखा जिल्लाको चुमनुब्री, धार्चे र गण्डकी, बाग्लुङ जिल्लाको निसीखोला, ढोरपाटन र वडिगाड, नवलपरासी वर्दघाट सूस्तापूर्वको विनयीत्रिवेणी, बुलिङटार र मध्यविन्दु, म्याग्दी जिल्लाको रघुगंगा, तनहुँ जिल्लाको भानु र घिरिङ तथा कास्की जिल्लाको माछापुच्छ्रे. गरी उल्लेखित १३ वटा स्थानीय तहका ४१ वर्षदेखि माथि ६८ वर्ष मुनि उमेर समूहका एकै टोल/भेगका ५ देखि १५ जना सम्म **विपन्न गृहिणी महिलाहरुको** आर्थिक सशक्तीकरणका लागि स-सानो व्यवसाय स्थापना गरी संचालनमा सामूहिक सहयोग पुऱ्याउन उल्लेखित क्षेत्रका विपन्न गृहिणी महिलाहरुले-<br>सामूहिक निवेदन,अनुसूचि १४ बमोजिमको ढाँचामा व्यावसायिक योजना, सम्बन्धित स्थानीय तहको सिफारिस पत्र, समूह दर्ता/नविवरणको प्रमाणपत्र, नागरिकताको फोटोकपी र पासपोर्ट साइजको फोटो २/२ प्रति, बैंक खाता विवरण । |

महाशाखा प्रमुख